मितिः २०८१/०५/१६

**श्रीमान् प्रमुख ज्यू,**
**पुनरावेदन समिति,**
**राष्ट्रिय स्वतन्त्र पार्टी ।**

**विषयः <u>विधान विपरितको कारवाहीको पुनरावेदन सम्बन्धमा ।</u>**

उपरोक्त सम्बन्धमा श्री राष्ट्रिय स्वतन्त्र पार्टी (यस पश्चात "**पार्टी**" भनी सम्बोधन गरिएको) को महामन्त्री, प्रवक्ता तथा केन्द्रिय समितिको सदस्य रहेकोमा पार्टीबाट अनाधिकृत तबरले मलाई उक्त तीनैवटा पदबाट मुक्त गरिएको भन्ने व्यहोरा सामाजिक सञ्जालबाट जानकारी प्राप्त गरेको भएतापनी सो को कुनै आधिकारीक पत्र प्राप्त उपलब्ध नगराईएकोमा मिति २०८१/०४/१३ मा शुभराज सिल्पकारबाट Signal नामक विद्युतीय माध्यम मार्फत कार्यालय समयपछि साँझ ६:०९ मा पार्टीको च.नं. २९८ मिति २०८१/०३/२५ को पत्र प्राप्त गरी हेर्दा उक्त पत्रमा पार्टीको मिति २०८१/०३/२५ को केन्द्रिय समितिको बैठकले मलाई पार्टीको साधारण सदस्य कायम गरी उक्त तीनैवटा पदबाट पदमुक्त गर्ने निर्णय गरेको भन्ने उल्लेख भएको हुँदा उक्त त्रुटिपूर्ण पत्र विरुद्ध ३५ दिन भित्र पार्टीको विधानको धारा ५७ बमोजिम यस पुनरावेदन समिति समक्ष निम्न व्यहोराको पुनरावेदन पेश गर्दछुः

१. म पुनरावेदक पार्टीको स्थापनाकाल देखी नै पार्टीमा आबद्ध रही पार्टीको केन्द्रिय समितिको सदस्य सहित पार्टीको महामन्त्री तथा प्रवक्ता समेत रही पार्टीको उच्चतम हित तथा पार्टीको मुल्य मान्यतालाई सदैव उच्च सम्मान, संरक्षण एवं प्रबर्धन गर्दै आइरहेको छु । लोकतान्त्रिक पद्धतिलाई अनुसरण गर्ने यस पार्टी स्वशासित संगठित संस्था भएको हुँदा पार्टीको सञ्चालन लोकतान्त्रिक पद्धतिबाट नै हुन्छ भने कुनै एक व्यक्ति विशेषको इच्छा आकांक्षाले पार्टी सञ्चालन हुँदैन वा गर्न हुँदैन भन्ने मान्यता मेरो र उक्त पार्टीको हो । यसर्थ, पार्टीको मुल्य मान्यता विपरित कोही कुनै पदाधिकारी वा व्यक्तिले कुनै कार्य गर्दछ भने सो को विरुद्धमा बोल्ने जमर्को गर्दछु ।

२. यसैक्रममा पार्टीको उच्चतम हितलाई आत्मसाथ गर्दै मैले सेतोपाटीमा दिएको एक अन्तर्वार्ताको सम्बन्धमा पार्टीको केन्द्रिय अनुसन्धान आयोगबाट च.नं. १११ मिति २०८१/०३/१४ को पत्र मार्फत ५ वटा प्रश्नको स्पष्टिकरण सोधिएकोमा च.नं. १४८ मिति २०८१/०३/१९ को पत्रबाट मलाई महामन्त्री तथा प्रवक्ताको पदबाट ७ दिनसम्म निलम्बन गरिएको थियो । मिति २०८१/०३/१४ मा सोधिएको स्पष्टिकरण सम्बन्धी पत्रमा म पुनरावेदकले विधान वा प्रचलित कानून बमोजिम के कुन कार्य गरेको थिएँ वा के कुन सजायको सम्बन्धमा स्पष्टिकरण पेश गर्नुपर्ने

हो भन्ने विषय उल्लेख नै नगरी एकाएक महामन्त्री तथा प्रवक्ता पदबाट निलम्बन गरिएको थियो ।

३. पार्टीले यसरी मिति २०८१/०३/१९ देखी ७ दिन निलम्बन गरी कारवाही गरिरहेको अवस्थामा ७ दिन पुग्नु अगावै मिति २०८१/०३/२५ मा पार्टीको महामन्त्री, प्रवक्ता तथा केन्द्रिय समितिको सदस्यबाट नै पदमुक्त गर्नेगरी केन्द्रिय समितिले निर्णय गरेको रहेछ । मलाई उक्त पदहरुबाट पदमुक्त गरिएको व्यहोरा पार्टीबाट आधिकारीक रुपमा जानकारी प्रदान गर्नु पुर्व नै पार्टीबाट सामाजिक सञ्जालमा उक्त विषय प्रचार प्रसार गरिएको तथा सामाजिक सञ्जाल मार्फत नै मैले उक्त विषय थाहा पाएकोमा मिति २०८१/०४/१३ मा मात्र उक्त च.नं. २९८ मिति २०८१/०३/२५ को पत्र पार्टीको कार्यलय सचिव शुभराज सिल्पाकरबाट Signal मा पठाएपश्चात जानकारी प्राप्त भएको हो । यसरी मलाई पार्टीको महामन्त्री, प्रवक्ता तथा केन्द्रिय समितिको सदस्यबाट पदमुक्त गर्ने मिति २०८१/०३/२५ को निर्णय त्रुटिपूर्ण रही बदरभागी रहेको सम्बन्धमा निम्नानुसार निवेदन गर्दछुः

क. नेपालको संविधानको धारा २० को उपधारा (९) ले प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ भन्ने व्यवस्था गरेको छ भने सुनुवाईको मौकालाई प्राकृतिक न्यायको सिद्धान्त अन्तर्गत सर्वमान्य सिद्धान्त समेतको रुपमा स्वीकार गरिन्छ । राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १८ को उपधारा (१) ले राजनीतिक दललाई विधान विपरित काम गर्ने वा दलको आचार संहिताको पालना नगर्ने सदस्य वा पदाधिकारीलाई विधानको व्यवस्थानुसार कारबाही गर्न सक्ने अधिकार प्रदान गर्दै उपदफा (२) ले त्यसरी कारवाही गर्दा सफाई पेश गर्ने मनासिब मौका दिनुपर्ने व्यवस्था गरेको छ । ऐ. ऐन बमोजिम पार्टीले तयार गरेको विधानको धारा ५६ को उपधारा ४ ले समेत सफाईको मौका दिनुपर्ने व्यवस्था गरेको छ । यद्यपी, पार्टीको केन्द्रिय समितिबाट मेरो महामन्त्री, प्रवक्ता एवं केन्द्रिय समितिको सदस्य पदबाट पदमुक्त गराउँदा मलाई स्पष्टिकरण समेत सोधिएको अवस्था छैन ।

ख. सुनुवाई तथा सफाईको मौकालाई नेपालको संविधान, नियामक ऐन तथा पार्टीको विधान समेतले बाध्यात्मक कार्यविधिगत अधिकारको रुपमा अनुसरण गरेको अवस्थामा मलाई पदमुक्त गराउँदा स्पष्टिकरण समेत नसोधी सफाई पेश गर्ने अवसरबाट वञ्चित गराई भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्त विपरित रहेको छ । “कुनै निर्णयबाट कसैको हक अधिकारमा आघात पर्दछ भने निर्णय गर्नुपूर्व सुनुवाईको मौका दिनुपर्ने कुरा अनिवार्य र स्वभाविक हुन्छ । सुनुवाईको मौका नदिई गरिएको निर्णयले निर्णयको स्थान नै लिन नसक्ने हुँदा न्यायिक प्रकृयामा वैधानिक मान्यता प्राप्त गर्न नसक्ने” भनी सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०६८, नि.नं. ८६६३ मा सिद्धान्त प्रतिपादन भएको छ भने “निवेदकलाई प्रतिकूल असर पर्ने गरी निर्णय गर्दा निवेदकलाई प्रतिवाद गर्ने सुनुवाईको मौका दिनुपर्नेमा प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकुल

निवेदकलाई बुझ्दै नबुझी गरेको निर्णय कायम रहन सक्ने अवस्था नरहने” भनी ने.का.प. २०७४, नि.नं. ९८६९ मा सिद्धान्त प्रतिपादन भएको छ । यसर्थ, मलाई सफाई पेश गर्ने अवसर नै प्रदान नगरी पदमुक्त गर्ने कथित केन्द्रिय समितिको निर्णय सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतको विपरित रही बदरभागी छ ।

ग. पार्टीको विधानको धारा ५६ ले अनुशासनात्मक कारवाहीको प्रकृया सम्बन्धी व्यवस्था गर्दै ऐ. को उपधारा (३) ले पार्टीको केन्द्रिय समिति वा सो सरहको समितिको पदाधिकारीको हकमा कारवाही गर्ने अधिकार पार्टीको केन्द्रिय समितिलाई प्रदान गरेको छ । त्यसैगरी, केन्द्रिय समितिको बैठक बोलाउने सम्बन्धमा पार्टीको बैठक सञ्चालन सम्बन्धी कार्यविधिको ३(क) ले बैठकहरु सभापतिको निर्देशनमा महामन्त्रीले बोलाउने व्यवस्था गर्दै ऐ. को ६(ख) ले बैठकलाई सुव्यवस्थित सञ्चालन गर्ने जिम्मेवारी महामन्त्रीको हुने व्यवस्था गरेको छ । उक्त व्यवस्थाहरुबाट केन्द्रिय समितिको पदाधिकारीलाई अनुशासनात्मक सजाय गर्ने अधिकार केन्द्रिय समितिलाई प्रदान गरेको तथा कार्यविधिको व्यवस्थानुसार केन्द्रिय समितिको बैठक सञ्चालन गर्ने जिम्मेवारी महामन्त्री अर्थात मेरो रहेकोमा मैले कुनै बैठक नै बोलाएको अवस्था छैन । ऐ. कार्यविधिको १०(क) ले पार्टीको बैठकको निर्णय सभापति र महामन्त्रीको हस्ताक्षरबाट प्रमाणीकरण गर्ने व्यवस्था गर्दै १०(ख) ले त्यसरी प्रमाणीकरण भएका निर्णयहरु मात्र पार्टी कार्यालयमा राखिने व्यवस्था गरिएको छ । १०(क) मा प्रयुक्त **सभापति र महामन्त्रीको** हस्ताक्षर भन्ने शब्दावलीले केन्द्रिय समितिको बैठकको निर्णय महामन्त्रीको हस्ताक्षर नभई प्रमाणीकरण नै हुन सक्दैन । यसरी पार्टीको विधान, कार्यविधि तथा नियमावली विपरित सञ्चालन गरिएको बैठकले तथा निर्णयले कानूनी मान्यता प्रदान गर्न नसक्ने हुँदा मलाई पदमुक्त गर्नेगरी भएको कथित निर्णय कानून बमोजिम शून्य (Void ab initio) रही बदरभागी रहेको छ ।

घ. वास्तवमा म पुनरावेदकले पार्टीको सभापतिबाट भए गरेको गैर कानूनी कार्य र वहाँ विरुद्ध राज्यको विभिन्न निकायबाट भैरहेको अनुसन्धान, अदालतमा विचाराधिन दोहोरो पासपोर्ट जस्ता गम्भिर प्रकृतिका तथा आम नागरिक समेतबाट उठेको सहकारी रकम ठगी र दुरुपयोग जस्ता कार्यको विरोध गरेको कारण सभापतिबाट व्यक्तिगत रुपमा मलाई लक्षित गरी पार्टीबाट विभिन्न कारवाहीहरु भइरहेको अवस्था छ भने मलाई पदमुक्त गर्नु समेत यसै विरोधको निरंकुश उपज हो । मिति २०८१/०३/१४ मा मलाई स्पष्टिकरण सोधिएको समयमा समेत म उपर के कस्तो विषयको अनुसन्धान भइरहेको हो तथा म उपर के कस्तो सजाय हुन सक्ने हो लगायतको विषय उल्लेख नै नगरी ५ वटा प्रश्न मात्र सोधिएको थियो भने सोही त्रुटिपूर्ण स्पष्टिकरणको आधारमा मलाई मिति २०८१/०३/१९ मा ७ दिन निलम्बन गरिएको थियो । उक्त निलम्बन अवधी कायम रहँदाकै अवस्थामा मिति २०८१/०३/२५ मा पार्टीको विधान, नियमावली तथा कार्यविधि विपरित केन्द्रिय समितिको बैठक बसी मेरो महामन्त्री, पार्टी प्रवक्ता तथा केन्द्रिय

समितिको सदस्यको पदमुक्त गर्ने निर्णय गरिएको छ । सो मात्र नभई उक्त मिति २०८१/०३/२५ को निर्णयमा पुनरावेदन गर्ने म्याद बाँकी नै रहँदा मलाई दबाब दिन तथा पुनरावेदन गर्ने अवसरबाट वञ्चित गर्ने उद्देश्यले नै मलाई मिति २०८१/०४/३० तथा २०८१/०५/०५ पार्टीको साधारण सदस्यबाट समेतबाट हटाउने दुषित अभिप्रायबाट स्पष्टिकरण सोधी पार्टीबाट समेत हटाउने अवैध निर्णय गरिएको अवस्था छ ।

ङ. सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०६६, नि.नं. ८२१२ मा ऐनद्वारा प्रदान गरिएको अधिकारको प्रयोग गरी न्यायिक निर्णय गर्दा प्रयोग र पालना गर्नुपर्ने न्यूनतम मापदण्ड पालना गर्नुपर्ने . . . आफूले गरेको निर्णय कुन तथ्य र प्रमाणमा आधारित हो भन्ने फैसलाबाट प्रष्ट देखिननुपर्छ। त्यस्तो निर्णय स्वेच्छाचारी रुपमा गरिएको भन्ने नभई युक्तियुक्त तर्कमा आधारित (Reasoned Decision) हुनुपर्ने" भनी व्याख्या भएको छ। अर्थात, न्यायिक निर्णय गर्दा केवल निर्णय के गरियो भनी उल्लेख गरेर मात्र हुँदैन । उक्त निर्णयमा पुग्नुको तर्कपूर्ण आधार कारणहरु समेत खुलेको हुनुपर्दछ । यद्यपी, मिति २०८१/०३/२५ गतेको पदमुक्त गरिएको जानकारी सम्बन्धी पत्रमा म पुनरावेदकले पार्टी अनुशासन विपरित अभद्र, अशोभनीय, अमर्यादित, अनुशासनहीन र पार्टी हित विपरित अराजनीतिक व्यवहार प्रदर्शन गरी पार्टीको आचार संहिताको उल्लङ्घन गरेको कारण पदबाट हटाइएको भनी उल्लेख गरिएको भएतापनी मेरो के कुन कार्यबाट पार्टी अनुशासन उल्लङ्घन भएको हो र पार्टीको के कुन आचार संहिताको उल्लङ्घन भएको हो लगायत के कुन कार्य पार्टीको हित विपरित भएको हो भन्ने विषय भने उक्त पत्रमा उल्लेख भएको अवस्था छैन । उक्त विषयहरु केन्द्रिय समितिको बैठकको निर्णयमा उल्लेख भएको हुनुपर्छ भनी मिति २०८१/०४/२८ मा निर्णयको प्रमाणीत प्रतिलिपी उपलब्ध गराईपाउँ भनी निवेदन पेश गर्दा समेत उक्त निर्णयहरु प्राप्त भएको अवस्था छैन । एकातर्फ निर्णय चित्त नबुझे पुनरावेदन गर्न जानु भनी पुनरावेदन म्याद जारी गर्ने तर अर्कोतर्फ निर्णय नै उपलब्ध नगराउने विरोधाभाष कार्यबाट पार्टीले म विरुद्ध सफा हात साथ कारवाही गरेको नभई पार्टीको निश्चित व्यक्तिहरुले म विरुद्ध व्यक्तिगत प्रतिशेध लिनेगरी पार्टीलाई दुरुपयोग गरेको स्पष्ट हुन्छ भने यसरी आफू विरुद्ध भएको निर्णय माग गर्दा उपलब्ध नगराएकोबाट उक्त निर्णय नै नभएको वा उक्त निर्णय भएपनी वैधानिक तवरबाट नभएको कारण उपलब्ध नगराइएको स्पष्ट हुन्छ । यसरी म पुनरावेदकलाई पदबाट हटाउने गरी कारवाही गर्दा वस्तुनिष्ठ आधार कारण समेत उल्लेख नै नगरी गोस्वारा, Vague एवं आत्मनिष्ठ आरोपहरु लगाई उक्त आरोप पुष्टि हुने आधार कारण समेत उल्लेख नगरी पत्र मात्र प्रेषित गरिएको तथा निर्णयको प्रमाणीत प्रतिलिपी माग गर्दा सो समेत उपलब्ध नगराइएको हुँदा त्यस्तो कथित निर्णयले कानूनी अस्तित्व प्राप्त गर्न सक्दैन । अतः उक्त त्रुटिपूर्ण निर्णय बदरभागी रहेको छ । पार्टीको विधानमा कार्यवाहक महामन्त्री पदको व्यवस्था नगरिएको हुनाले म उपर कारवाही गरिएको जनाउको पत्रमा कार्यवाहक महामन्त्री भनिएको अनाधिकृत व्यक्तिको हस्ताक्षर रहेकोबाट पनि मलाई कारवाही

गर्नका निमित्त भएका सम्पुर्ण निर्णय एवं पत्राचार विधान विपरित भएको स्वतः पुष्टि भइरहेको हुनाले थप तर्क वा प्रमाणले प्रमाणित गरिरहनु पर्दैन ।

४. अतयवः माथी विवेचित तथ्य, कानूनी व्यवस्था एवं सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त समेतको आधारमा म पुनरावेदक विरुद्ध व्यक्तिगत पूर्वाग्रह राखी प्रतिषोध लिने दुषित अभिप्राय एवं उद्देश्यबाट पार्टीको पदको दुरुपयोग गरी पार्टी विधान एवं कानून विपरित केन्द्रिय समितिको बैठक बसी म उपर कारवाही गर्दा सफाई पेश गर्ने मौका समेत प्रदान नगरेको, निर्णय माग गर्दा निर्णय उपलब्ध समेत नगराइ मलाई पार्टीको महामन्त्री, प्रवक्ता तथा केन्द्रिय समितिको सदस्यबाट पदमुक्त गर्नेगरी भएको मिति २०८१/०३/२५ को कथित निर्णय त्रुटिपुर्ण रहेको हुँदा पार्टीको निर्णय अभिलेखबाट हटाई साविक बमोजिम साविककै पदिय हैसियतमा रही पार्टीमा काम गर्ने वातावरण मिलाइपाउँ ।

**भवदीय**

**डा. मुकुल ढकाल**
**पार्टी महामन्त्री एवं प्रवक्ता**
**राष्ट्रिय स्वतन्त्र पार्टी**